# आवेदन: तपाईंको अधिकार तथा उत्तरदायित्वहरू

## समय सीमाहरू

तपाईंले आफ्नो जीवनकालको 60-महिनाका लागि मात्र Financial Assistance to Needy Families (आवश्यकता परेका परिवारलाई आर्थिक सहायता) प्राप्त गर्न सक्नुहुन्छ। तपाईंको बाल्यावस्थामा तपाईंले यो सहायता प्राप्त गर्नुभएको महिनालाई जीवनकाल सीमाबाट घटाइने छैन। तपाईंको समय सीमा तपाईंले वयस्कको रूपमा सुविधाहरू प्राप्त गरीसकेपछि सुरु हुन्छ। **State Supplement Programs (राज्य पूरक कार्यक्रमहरू), Medical Assistance (मेडिकल सहायता), Food Stamp benefits (फुड स्ट्याम्प सुविधाहरू), वा child care assistance (बाल स्याहार सहायता) मा कुनै समय सीमा छैन।**

## प्रशासनिक पुनरावेदन

यदि तपाईं DHHS ले योग्यताको सम्बन्धमा गरेको कुनैपनि निर्णयसँग असन्तुष्ट हुनुहुन्छ भने तपाईं वा तपाईंको प्रतिनिधित्व गर्ने कुनै व्यक्तिले प्रशासनिक पुनरावेदन (Administrative Appeal) का लागि अनुरोध गर्न सक्छ। प्रशासनिक पुनरावेदनमा तपाईंको प्रतिनिधित्व कुनै अधिवक्ता, आफैले वा अरू व्यक्ति, जस्तै आफन्त वा साथी, ले गर्न सक्छ। कुनैपनि कानूनी सेवाहरूको लागतको भुक्तानी DHHS ले गर्नेछैन, तर न्यू हैम्पशायरमा नि:शुल्क र कम लागतका कानूनी सेवाहरू उपलब्ध छन्। District Office (जिल्ला कार्यालय) वा DHHS, 105 Pleasant Street, Concord, NH 03301-6521 मा सम्पर्क गरेर मौखिक रूपमा वा लिखित रूपमा प्रशासनिक पुनरावेदनका लागि अनुरोध गर्न सकिन्छ। टेलिफोन (603) 271-4292 वा 1-800-852-3345 एक्स्टेन्सन 4292; TDD पहुँच: रिले NH 1-800-735-2964 वा 711।

## गुणस्तर नियन्त्रण

तपाईंको मामिलालाई गुणस्तर नियन्त्रण वा अन्य सरकारी समीक्षाका लागि चयन गरिन सक्छ। त्यस्तो समीक्षामा तपाईंको घरपरिवारको आर्थिक वा मेडिकल अवस्थाहरू, रहनसहनका प्रबन्धहरू र अन्य वस्तुस्थितिहरूको गहिरो अनुसन्धान गर्न आवश्यक हुन्छ। तपाईंको घरपरिवार र तपाईंले DHHS लाई प्रदान गर्नुभएको विवरणहरूको सम्बन्धमा हामी बैङ्क, रोजगारदाता, व्यापारी, बाल स्याहार प्रदायक र अन्य उपयुक्त श्रोतहरूलाई सम्पर्क गर्न सक्छौं। **यी समीक्षाहरू गर्नमा सहयोग नगर्नुभएमा परिणाम स्वरूप तपाईंले आफ्ना सुविधाहरू गुमाउन सक्नुहुन्छ।**

## परिवर्तन रिपोर्ट गर्ने

तपाईंले आवधिक रूपमा आफ्ना वस्तुस्थितिहरूको समीक्षा गर्न आवश्यक हुनेछ। यदि तपाईंले फारमलाई पूर्ण रूपमा भर्नुभएन वा त्यसलाई अन्तिम म्याद सम्म फिर्ता गर्नुभएन भने र आवश्यक हुँदा, व्यक्तिगत अन्तर्वार्तामा सहभागी हुनुभएन भने तपाईंको नगद, बाल स्याहार र Food Stamp मामिलालाई बन्द गरिन सक्छ, र/वा Medical Assistance का लागि तपाईंको योग्यतामा प्रभाव पर्न सक्छ।

यदि तपाईंले केवल Food Stamp सुविधाहरू प्राप्त गर्नुहुन्छ र तपाईंसँग 4, 5 वा 6-महिने योग्यता अवधि छ भने तपाईंले आफ्नो घरपरिवारमा भएका ती परिवर्तनहरूलाई मात्र रिपोर्ट गर्नुपर्छ जसले तपाईंको घरेलु आयलाई गरीबी स्तर भन्दा 130% माथि पुर्याउनेछ।

यदि तपाईंले नगद, बाल स्याहार, Medical Assistance प्राप्त गर्नुभयो, वा यदि तपाईंको Food Stamp को योग्यता अवधि 4, 5, वा 6 महिना छैन भने योग्यतालाई प्रभावित गर्ने निम्न तत्वहरूमा भएका परिवर्तनहरूलाई, तपाईंले परिवर्तन भएको 10 क्यालेन्डर दिनभित्र विभागलाई सूचित गर्नुपर्छ:

- आयको श्रोत;
- घरपरिवारको सदस्यले काम गर्ने समय (घण्टा);
- तपाईंको घरपरिवारको कुनैपनि सदस्यको आयको रकम;
- सबै घरेलु परिवर्तनहरू, जस्तै विवाह, सम्बन्ध विच्छेद, नयाँ बच्चाको जन्म, बच्चाको स्याहारका लागि लिइएको बिदा, इत्यादि;
- बाल स्याहार प्रदायक;
- श्रोतहरू (जस्तै, नगद, शेयर, ऋणपत्र, वा बैङ्क वा बचत खातामा रहेको पैसा);
- कुनै एकमुष्ट रकमको भुक्तानी वा हिसाब फछ्र्यौटको प्राप्ति;
- आवास, वा आश्रय (सेल्टर) का खर्चहरू; वा
- आश्रित व्यक्तिहरूको स्याहार खर्चहरू, बच्चाको भरणपोषणको भुक्तानीहरू वा मेडिकल कटौतीहरू, वा तपाईंको घरपरिवारको सुविधाहरूमा प्रभाव पार्न सक्ने अन्य परिवर्तनहरू।

## सामाजिक सुरक्षा लाभार्थीहरूका लागि Medical Assistance (मेडिकल सहायता) को संरक्षण

यदि तपाईं OAA, ANB, वा APTD कार्यक्रम अन्तर्गत नगद सहायता प्राप्त गर्दै हुनुहुन्छ, र सामाजिक सुरक्षा जीवन-निर्वाह खर्चमा भएको वृद्धि वा अन्य आयहरूमा भएको वृद्धिसँग यो वृद्धिलाई जोड्दा तपाईंलाई आर्थिक सहायताका लागि अयोग्य बनाउछ भने Pickle Amendment नीति अन्तर्गत तपाईं अझैंपनि Medical Assistance को हकदार हुन सक्नुहुन्छ।

तपाईंले Pickle Amendment अन्तर्गत Medical Assistance प्राप्त गर्न सुरु गर्नु भइसकेपछि, भविष्यमा सामाजिक सुरक्षा जीवन-निर्वाह खर्चमा हुने वृद्धिहरूले तपाईंको योग्यतालाई प्रभाव पार्ने छैन। यद्यपि, तपाईंको वस्तुस्थितिहरूमा हुने अन्य परिवर्तनहरूले भने तपाईंलाई अझैंपनि Medical Assistance का लागि अयोग्य बनाउन सक्छ।

यदि तपाईं माथिका कार्यक्रमहरू मध्ये कुनै एकका लागि पैसा भुक्तानीहरू प्राप्त गर्न योग्य हुनुहुन्छ तर तपाईंले भुक्तानी प्राप्त गर्न रोज्नु हुन्न भने तपाईं Pickle Amendment अन्तर्गत आफ्नो Medical Assistance को यस संरक्षणका लागि हकदार हुनुहुने **छैन**।

## आप्रवासी परिवारहरूका लागि सूचना

यदि तपाईं स्वास्थ्य स्याहार वा Food Stamp मा सहयोग प्राप्त गर्नुहुन्छ भने यसले तपाईंको आप्रवासी स्थितिलाई असर गर्नेछैन। यदि तपाईं वा तपाईंको परिवारका सदस्यहरूले Medicaid (मेडिकेड) वा Food Stamp हरू प्रयोग वा प्राप्त गर्नुभएको भने यसले तपाईं र तपाईंका परिवारका सदस्यहरूको अमेरिकी. नागरिक बन्ने योग्यतालाई असर गर्नेछैन।

यद्यपि, यदि तपाईं TANF जस्ता नगद सहायता वा नर्सिङ होम स्याहारको खर्चमा सहयोग पाउनुहुन्छ भने यसले तपाईंको निम्ति अमेरिकी नागरिक बन्नमा समस्याहरू निम्त्याउन सक्छ, विशेषगरी यदि सुविधाहरू तपाईंको परिवारको एकमात्र आय हो भने। तपाईंले आवेदन दिनुअघि, तपाईंले कानुनी प्रश्नहरूका सम्बन्धमा आप्रवासमा मद्दत गर्ने निकायसँग कुरा गर्न वा US Citizenship and Immigration Services (USCIS) (अमेरिकी नागरिकता तथा अध्यागमन सेवा) लाई सम्पर्क गर्न चाहनु सक्नुहुन्छ।

## सावधान !

**तपाईंले हामीलाई भनेका वा प्रदान गरेका कुनैपनि कुराहरू यहाँ प्रमाणित गरिनेछन्:**

- **संघीय, राज्य र स्थानीय तहहरूमा; र साथै**
- **समपार्श्विक सम्पर्कहरू र/वा USCIS, IEVS, महत्वपूर्ण अभिलेखहरू, SSA, वित्तिय संस्थानहरू र रोजगारी डाटाबेसहरू जस्ता तर यतिमा मात्र सीमित नभएर अन्य विद्युतिय प्रमाणीकरणसँग मेल खाने कम्प्युटर उपकरणको माध्यमबाट ।**

**हामी हाम्रा कार्यक्रमहरूका लागि तपाईंको योग्यता सुनिश्चित गर्न र तपाईंका सुविधाहरू निर्धारण गर्न यो गर्ने गर्दछौं । यदि हामीले यी श्रोतहरू प्रयोग गरेर प्राप्त गरेका जानकारीहरू तपाईंले हामीलाई प्रदान गरेका जानकारीहरूसँग मिलेनन् भने तपाईं सहायताबाट वञ्चित हुन सक्नुहुन्छ, तपाईंका सुविधाहरू परिवर्तन हुन सक्छन् र तपाईंले जानाजान गलत जानकारी गराएको अभियोगमा तपाईं विरूद्ध आपराधिक मुद्दा चलाउन सकिन्छ । यस प्रायोजन सम्बन्धि कुनैपनि नियमहरू उल्लंघन गर्ने तपाईंको घरपरिवारको कुनैपनि सदस्यलाई एक वर्षको अवधिदेखि स्थायी रूपमै नगद सहायता, बाल स्याहार सहायता तथा Food Stamp Program हरूमा सहभागी हुनबाट प्रतिबन्ध लगाउन सकिन्छ । Food Stamp Program मा, तपाईंलाई $250,000 जरिवाना सहित 20 वर्ष सम्मको कैद वा दुवै सजाय हुन सक्छ, र Food Stamp ऐनको उल्लंघन गरेको अभियोगमा उचित राज्य तथा संघीय कानूनहरू अन्तर्गत मुद्दा चलाउन पनि सकिन्छ ।**

### निम्न कुराहरू नगर्नुहोस्

- सुविधाहरू पाउन वा पाइराख्न गलत जानकारी **नदिनुहोस्** वा जानकारी **नलुकाउनुहोस्** ।
- Food Stamp सुविधाहरू तपाईंको घरपरिवारका लागि तिनीहरूलाई प्रयोग गर्ने अधिकार नभएको कसैसँग पनि व्यापार वा बिक्री **नगर्नुहोस्** ।
- आफ्नो सुविधाहरूलाई अयोग्य वस्तुहरू किन्न प्रयोग **नगर्नुहोस्** ।
- आफ्नो घरपरिवारलाई प्राप्त गर्ने हक नभएको कुनैपनि सुविधाहरू प्रयोग **नगर्नुहोस्** ।
- आफ्नो EBT कार्डको PIN कुनैपनि व्यक्तिलाई **नदिनुहोस्** ।
- DHHS द्वारा भुक्तानी गरिने बाल स्याहार सेवाहरूलाई DHHS द्वारा स्वीकृति प्रदान नगरिएका रोजगार-सम्बन्धी गतिविधिहरूका लागि प्रयोग **नगर्नुहोस्** ।
- आफ्नो EBT कार्ड वा EBT कार्डबाट प्राप्त नगदलाई 50% भन्दा बढी देख्न सकिने सूची रक्सीजन्य पदार्थ भएको स्टोरहरू, मुख्यत: अङ्गच्छेदन, डामेर चिन्ह बनाउने वा टाटु बनाउनेमा संलग्न स्थलहरू, जुवाघर वा सिगार, पाइप, धुम्रपान वा सुर्तीजन्य स्टोर/सानो दोकान/पसलहरू, अधिकांश गाँजाका औषधालयहरू, 50% भन्दा बढी देख्न सकिने सूची भइ वयस्क-लक्षित मनोरञ्जन मानिने वस्तु बिक्री गर्ने वा भाडामा उपलब्ध गराउने व्यापारिक स्थलहरूमा प्रयोग नगर्नुहोस् ।

### पहिचान तथा आवास

DHHS ले एकै समय धेरै सुविधाहरू प्राप्त गर्नको लागि पहिचान वा आवासको स्थानका सन्दर्भमा झुठो विवरण वा बयान दिएको भनि निर्धारण गरेको वा दोषी ठहराएको व्यक्ति आर्थिक सहायता र Food Stamp सुविधाहरूका लागि 10 वर्षका लागि अयोग्य हुनेछ ।

### Food Stamp (FS) Benefits को गैर-कानूनी व्यापार

FS सुविधाहरूको लेनदेनबाट नियन्त्रित वस्तुहरूको कारोबार गरेको भनि न्यायालयले दोषी पाएको कुनैपनि व्यक्तिलाई पहिलो पटकको अपराधको लागि 24 महिनाका लागि र दोस्रो पटकको अपराधका लागि स्थायी रूपमै FS कार्यक्रममा सहभागी हुन प्रतिबन्ध लगाइनेछ । FS सुविधाहरूको लेनदेनबाट युद्ध सामग्री, हातहतियार वा विस्फोटक पदार्थहरूको कारोबार गरेको, वा $500 भन्दा बढीको FS सुविधाहरूको कुनैपनि गैर-कानूनी व्यापार गरेको भनि न्यायालयले दोषी ठहराएको कुनैपनि व्यक्ति FS सुविधाहरूको लागि स्थायी रूपमा अयोग्य हुनेछ ।

### Medical Assistance जालसाजी

Social Security Act (सामाजिक सुरक्षा ऐन) को धारा 1128B मा Medical Assistance सुविधाहरूका लागि तपाईंको आवेदन वा त्यसको रसिदका सम्बन्धमा जालसाजीका कार्यहरू तथा गलत विवरण पेश गर्ने कार्यहरूका लागि संघीय जरिवानाहरूको व्यवस्था छ ।

जानाजान दिएका विवरणहरू गलत भएको र त्यसले Medical Assistance कार्यक्रम अन्तर्गतको कुनैपनि सुविधा वा भुक्तानीका लागि योग्यतामा असर गर्छ भन्ने थाहा हुन गएमा त्यस्तो व्यक्ति विरूद्ध मुद्दा चलाउन सकिन्छ ।

कुनैपनि सुविधा वा भुक्तानीमा रहेको उसको अधिकारलाई असर गर्ने कुनैपनि घटना लुकाउने वा खुलासा गर्न नसक्ने वा लक्षित उद्देश्य भन्दा अन्य कार्यहरूमा यसको रूपान्तरण गर्ने व्यक्ति विरूद्ध पनि मुद्दा चलाउन सकिन्छ । कानूनले Medical Assistance को प्रस्तुतिका सम्बन्धमा घुस लिने, घुस दिने वा कमिशन खाने कार्यका लागि पनि जरिवानाको व्यवस्था गरेको छ ।
अपराधका लागि दोषी ठहर भएमा 1 वर्ष ननाघ्ने गरि Medical Assistance सुविधाहरू गुम्न सक्छ । सजायहरूमा $25,000 सम्मको जरिवाना वा 5 वर्ष ननाघ्ने सम्मको कैद वा दुवै हुन सक्छन् ।

### Intentional False Statements or Program Violations (IPV)
### (जानाजान जलत विवरण वा कार्यक्रम उल्लंघनहरू)

आफ्ना वस्तुस्थितिहरूको जानाजान गलत विवरण दिने वा झुटो बयान दिने वा सम्पत्ति, ज्याला, आय वा श्रोतहरूको प्राप्ति वा सहायताका लागि आफ्नो प्रारम्भिक वा जारी योग्यतालाई असर गर्ने आफ्नो वस्तुस्थितिहरूमा भएका कुनैपनि परिवर्तनहरूको खुलासा गर्न जानीजानी असफल हुने व्यक्ति राज्य कानूनको उल्लंघनको दोषी पाइन सक्छन् । सजायहरू यस प्रकारका छन्: मौद्रिक हर्जाना वा वस्तु वा सेवाहरूको मूल्य $1000 नाघेको अवस्थामा A वर्गको अपराध; मूल्य $100 नाघेमा B वर्गको अपराध; र यदि मूल्य $100 भन्दा थोरै रहेमा सामान्य अपराध ठहरिनेछ । RSA 167:17-b र 17-c ।

**Food Stamp Program मा जानाजान कार्यक्रम उल्लंघन (intentional program violation (IPV) गर्ने कुनैपनि व्यक्तिले यी सुविधाहरू पहिलो उल्लंघनका लागि 12 महिना, दोस्रो उल्लंघनका लागि 24 महिना र तेस्रो IPV का लागि स्थायी रूपमै प्राप्त गर्न सक्ने छैनन् ।**